नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७३।८।१४ को निर्णयानुसार

१८५७०३२९७।

# मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३


वन तथा भू-संरक्षण मन्त्रालय

सिंहदरवार, काठमाडौं

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि
# २०७३

## प्रस्तावना

जैविक विविधता संरक्षणका क्षेत्रमा नेपालले अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। देशको कूल भू-भागको झन्डै ४४.७४ प्रतिशत वन क्षेत्रमध्ये २३.३१ प्रतिशत भू-भाग संरक्षित क्षेत्र प्रणाली भित्र रहेको छ। नेपाल सरकार, स्थानीय समुदाय र संरक्षणका साझेदार संस्थाहरूको सहभागिताबाट जैविक विविधता संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन्। यसबाट बाघ, गैंडा र हात्ती लगायतका दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संख्यामा उल्लेख्य रूपमा वृद्धि भएको छ। वन्यजन्तुको संख्यामा आएको वृद्धिसँगै एकातिर मानव-वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन र अर्कोतर्फ वन्यजन्तुको चोरी शिकार तथा वन्यजन्तुका अङ्ग-प्रत्यङ्गको अवैध व्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन जस्ता समस्या र चुनौती पनि थपिएका छन्।

मानव-वन्यजन्तुबीचको द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तुप्रति हुने प्रतिशोधपूर्ण व्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने क्रियाकलाप समेत हुँदै आएको अवस्था छ। मानव-वन्यजन्तुबीच विद्यमान द्वन्द्व न्यूनीकरण गरी सह-अस्तित्व कायम गर्ने उद्देश्यले बिभिन्न निरोधात्मक उपाय अवलम्बन गर्दै वन्यजन्तुबाट हुने क्षतिको लागि राहत सहयोग निर्देशिका,२०६९ (पहिलो संशोधन २०७२) बमोजिम नेपाल सरकारबाट वन्यजन्तु पीडितलाई राहत सहयोग उपलब्ध गराउँदै आएको छ। यसका अतिरिक्त समस्याग्रस्त वन्यजन्तुको उद्दार, उपचार र व्यवस्थापनका लागि आर्थिक स्रोत, दक्ष जनशक्ति र स्रोत-साधनको दिगो व्यवस्था गर्न अत्यन्त जरुरी देखिएको छ। तसर्थ टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गरी मानव-वन्यजन्तुबीच सह-अस्तित्व कायम गर्नुका साथै वन्यजन्तुको आक्रमणमा परी अङ्गभंग भएका तथा मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई तत्काल नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरूको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७१/०९/०७ मा बसेको राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको पाँचौं बैठकको निर्णय समेतका आधारमा **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३"** जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३"** रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**कार्यविधि**" भन्नाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३ सम्झनु पर्दछ।

(ख) "**कोष**" भन्नाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सम्झनु पर्दछ।

(ग) "**कोष निर्देशन समिति**" भन्नाले दफा ८ बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएको समिति सम्झनु पर्दछ ।

(घ) "**कोष व्यवस्थापन समिति**" भन्नाले दफा ९ बमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशकको अध्यक्षतामा गठन भएको समिर्ति सम्झनु पर्दछ ।

(ङ) "**घाइते तथा अशक्त वन्यजन्तु**" भन्नाले वन्यजन्तु-वन्यजन्तुबीचको द्वन्द्व, मानव-वन्यजन्तु द्वन्द्व र चोरी शिकारीबाट घाइते तथा बिरामी वन्यजन्तु सम्झनु पर्दछ ।

(च) **"टुहुरा वन्यजन्तु"** भन्नाले माउसँग छुट्टिएर बेवारिसे अवस्थामा फेला परेका वन्यजन्तुका साना बच्चा तथा अर्ध वयस्कहरू सम्झनु पर्दछ ।

(छ) **"मन्त्रालय"** भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्दछ ।

(ज) **"समस्या ग्रस्त वन्यजन्तु"** भन्नाले मानव बस्तीमा आई पटक-पटक धनजनको क्षति पुऱ्याउने वन्यजन्तु सम्झनु पर्दछ ।

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्यहरु निम्न बमोजिम हुनेछ ।

(१) मानव र वन्यजन्तु बिचको द्वन्द न्यूनीकरण तथा रोकथाम गर्न सयहोग गर्ने ।

(२) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गरी मानव-वन्यजन्तुबीच सह-अस्तित्व कायम गर्न सहयोग गर्ने ।

(३) वन्यजन्तुको आक्रमणमा परी अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई तत्काल नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरूको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

**४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोषको आम्दानीका स्रोतहरू :** मानव-वन्यजन्तु द्वन्द व्यवस्थापन कोष सञ्चालनका लागि देहायका स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

(क) राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राप्त रकम ।

(ख) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था र दाताहरूबाट प्राप्त रकम ।

(ग) निजी क्षेत्रबाट प्राप्त रकम ।

(घ) वातावरणीय सेवाबाट प्राप्त हुने रकम ।

(ङ) अन्नपूर्ण संरक्षण क्षेत्रको आम्दानीबाट प्राप्त हुने ८ प्रतिशत रकम ।

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**५. रकम बैंक खातामा जम्मा हुने :** कोषको रकमको लागि बैंकिङ व्यवस्था निम्न बमोजिम हुनेछ ।

(क) मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालनको लागि एक छुट्टै खाता हुनेछ ।

(ख) नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरिनेछ ।

(ग) कोषमा जम्मा भएको रकमबाट आर्जित ब्याज समेत सोही खातामा जम्मा हुनेछ ।

**६.आर्थिक कारोबार सञ्चालन :** आर्थिक कारोवार संचालन निम्न बमोजिम हुनेछ ।

(क) आर्थिक कारोबार सञ्चालन राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक तथा प्रशासनिक विनियम बमोजिम हुनेछ ।

(ख) प्रचलित कानून वमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने, आम्दानी खर्चको हिसाब किताब सहितको स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने लगायतको सम्पूर्ण जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषको हुनेछ ।

(ग) कोषको वार्षिक प्रतिवेदन कोष व्यवस्थापन समितिले कोष निर्देशन समिति समक्ष पेश गर्नेछ ।

## ७. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालनका क्षेत्र र सीमाहरू

### ७.१. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोषको रकम निम्न शीर्षकहरूमा खर्च गरिनेछः

(क) मानव र वन्यजन्तु विचको द्वन्द न्यूनिकरण तथा रोकथाम गर्न परिचालन गरिने कार्यक्रमहरुको खर्च ।

(ख) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा लाग्ने खर्च ।

(ग) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरू घाइते भएमा उपचार गर्दा लाग्ने खर्च ।

(घ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरूको यातायात तथा दैनिक भ्रमण भत्ता लगायतका खर्च ।

(ङ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्य गर्नका लागि आवश्यक पर्ने थप दक्ष मानव स्रोत करारमा लिदा लाग्ने खर्च ।

(च) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्यमा प्रयोग हुने औषधि, औजार, उपकरण, यातायात, वन्यजन्तुको खाना तथा आवासमा लाग्ने खर्चहरू ।

(छ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्यमा प्रयोग हुने "वन्यजन्तु उद्दार सवारी साधन" खरिद र त्यसको सञ्चालनमा लाग्ने खर्च ।

(ज) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरूको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न लाग्ने खर्च ।

(झ) कोषका विभिन्न कार्यक्रम सञ्चालन गर्न लाग्ने प्रशासनिक खर्च ।

### ७.२. मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने रकमको सीमा निम्न बमोजिम हुनेछः

(क) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचारका लागि अवस्था र औचित्य हेरी एक पटकमा २५,०००।- (पच्चीस हजार) सम्म ।

(ख) औषधि, उपकरण, खाना र आवास खर्चमा एक पटकमा रु. १०,०००।- (दश हजार) सम्म ।

(ग) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरू घाइते भएमा उपचारका लागि अन्य स्रोतबाट नपुग भएमा अवस्था र औचित्य हेरी रु. ५०,०००।- (पचास हजार) सम्म ।

(घ) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरूको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न प्रति परिवार रू. ५०,००० (पचास हजार) सम्म ।

(ङ) (क), (ख), (ग) (घ) मा जुनसुकै कुरा लेखिएको भएता पनि बाघ, हात्ति, गैडा, चितुवा, हिउँचितुवा, अर्ना, भालु जस्ता ठूला हिंस्रक वन्यजन्तुको उद्दार, उपचार तथा व्यवस्थापन गर्नुपर्दा वास्तविक खर्च बमोजिम भुक्तानी गर्न बाधा पर्नेछैन ।

(च) दफा ७.१ को (ख) बमोजिम घाइते भएका कर्मचारीहरूको सम्बन्धमा राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारीहरूको हकमा दुर्घटना बिमाले उपलब्ध गराउने बाहेकको नपुग रकम मात्र उपलब्ध गराइने छ ।

(छ) दफा ७.१ को (घ) बमोजिम करारमा लिइने कर्मचारीहरूको सेवाका शर्त तथा सुविधा राष्ट्रिय प्रकृति संरक्षण कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बमोजिम हुनेछ ।

(ज) खर्च बमोजिमका बील भर्पाइको सक्कलै प्रति तथा अन्य कागजातहरू सम्बन्धित कार्यालय वा कर्मचारीले फर्स्यौट गर्दाका बखत बुझाउनुपर्नेछ । त्यसका अतिरिक्त समस्या भएको क्षेत्रमा पुगी उद्दार कार्य गरिएको प्रमाणित कागजातहरू समेत पेश गर्नु पर्नेछ ।

(झ) मानव र वन्यजन्तु विचको द्वन्द न्यूनिकरण तथा रोकथाम गर्न परिचालन गरिने स्रोत एकिन भएका कार्यक्रमहरु परिचालन गर्नको लागि माथि लेखिएको सिमाहरुले वाधा पर्नेछैन ।

८. **कोष निर्देशन समिति :** (१) दफा ९ बमोजिम गठित कोष व्यवस्थापन समितिलाई कोष परिचालन सम्बन्धमा मार्गनिर्देशन गर्न देहाय बमोजिमको एक कोष निर्देशन समिति रहेनछ ।

| | |
|---|---|
| (क) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | अध्यक्ष |
| (ख) सदस्य सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य |
| (ग) सहसचिव, जैविक विविधता तथा वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (घ) महानिर्देशक, वन विभाग | सदस्य |
| (ङ) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| (च) कोषमा सहभागी संस्थाहरुमध्येबाट निर्देशक समितिले मनोनित गरेका वढीमा २ जना | सदस्य |
| (छ) कार्यकारी निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य सचिव |

(२) निर्देशन समितिको बैठक वर्षमा कम्तीमा १ पटक बस्नेछ । निर्देशन समितिको बैठकमा क्षेत्रीय वन निर्देशकहरु लगायत कुनै विज्ञहरुको सहयोग आवश्यक भएमा आमन्त्रण गर्न सकिनेछ ।

(३) सहयोग रकम परिचालन सम्बन्धी विवादको अन्तिम निरुपण निर्देशन समितिले गर्नेछ ।

(४) निर्देशन समितिले कोष अभिवृद्धिका लागि विभिन्न संघ, संस्था र निकायबाट सहयोग रकम प्राप्तीका लागि पहल गर्नेछ ।

९. **कोष व्यवस्थापन समितिः** (१) विभिन्न संघ संस्था, निकायबाट सहयोग रकम प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्न र कोष परिचालन सम्बन्धमा मार्गनिर्देश गर्नका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) कार्यकारी निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | संयोजक |
| (ख) उप-सचिव, वन तथा भू-संरक्षण मन्त्रालय, योजना महाशाखा | सदस्य |
| (ग) उप-सचिव, वन विभाग | सदस्य |
| (घ) उप-सचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| (ङ) राष्ट्रिय प्राणी उद्यानले तोकेको प्रतिनिधि | सदस्य |
| (च) लेखा प्रमुख, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य |
| (छ) वरिष्ठ अधिकृत, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य-सचिव |

(२) कोष व्यवस्थापन समितिको बैठक वर्षमा कम्तीमा ३ पटक बस्नेछ ।

(३) सहयोग रकम परिचालन सम्बन्धी विवाद भएमा अन्तिम निर्णयार्थ निर्देशन समितिमा पठाइने छ ।